**द टाइम्स माध्यमिक विद्यालय**
**डिल्लीबजार, काठमाडौँ**
**प्रथम त्रैमासिक परीक्षा: २०८०**

| | | |
|---|---|---|
| कक्षा: १२ | समूह क | पूर्णाङ्क : ७५ |
| सङ्काय: विज्ञान समूह(दिवा) | | उत्तीर्णाङ्क : ३० |
| विषय : नेपाली | | समय : ३ घण्टा |

*(सबै प्रश्नको उत्तर दिनुहोस् । मौलिक उत्तरलाई प्राथमिकता दिइने छ ।)*

**१. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् : (३)**
एकछिनसम्मको **मुसलधारे** पानीपछि **फेरि** काठमाडौँको आकाशमा बादल फाट्छ । म फर्किन्छु उही बाटो, मोड र मन्दिर भएर । बाटो सब **चम्कन्छन्**, साँझसँगै रातको एक हिस्सा पनि कहीँ बिताएर आइरहेकी छु ।

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : (३)**
कतीपयले, मअउलिक नेपाली भाषामा अनूचित अतिक्रमण हुँदै गएको भन्दै गर्दा २०७३ सालमा सर्वोच्च अधालतमा एउटा मुद्दा हालिएको थियो?

**३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (२)**
**(क) दिइएका अंशबाट एकओटा पारिभाषिक शब्द र एकओटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**
संघीय लोकतन्त्रिक गणतन्त्रात्मक व्यवस्थाबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्त गर्नु हामी सबैको साझा लक्ष्य हो तर यसमा धेरै कचकच वा गनगन भइरहेको छ । संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको सुदृढीकरण आजको आवश्यकता हो।
**(ख) दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
गाउँका मानिसहरू जिउँदाको जन्ती र मर्दाको मलामी भने झैँ हरेक सुख दुखमा एक अर्कालाई झर्कोफर्को नगरी सहयोग गर्छन् । अरूका कुरा काट्न भन्दा पछिसम्म झलझली याद आउने गरेर सुरु गरिएका कामहरूलाई एकले थुकी सुकी सयले थुकी नदी भन्ने कुरालाई मनन गरेर दिलो ज्यान दिएर गर्छन् ।

**४. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गर्नुहोस् : (३)**
पछिल्लो समय इन्टरनेटको पहुँच बढे**सँगै** विभिन्न सरकारी **तथा** निजी क्षेत्रले आफ्नो सेवासुविधा प्रवाहमा विद्युतीय माध्यमहरूको प्रयोग बढाएका छन्। यसबाट **सेवाग्राही**लाई **धेरै** हिसाबमा सहज भएको छ। **ओहो!** हामीहरूलाई **त** यो खुसीको कुरा हो ॥

**५. तलको अनुच्छेदबाट दुईओटा तत्सम शब्द र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् : (२)**
आधा शताब्दीदेखिको सपना र दशक लामो गृहकार्यको उपलब्धिस्वरूप पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भई उद्घाटन हुनु निःसन्देह खुसीको कुरा हो। अब मोटर चढेर होइन प्लेन चढेर आउने छन् ।

**६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (३)**
(क) तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक एक शब्द बनाउनुहोस् :
**उपसर्ग : उत्, प्र, वि,** **प्रत्यय : ई, तव्य,आली,**
(ख) तलको अनच्छेदबाट **तीनओटा समस्त शब्द र तीनओटा द्वित्व** शब्द पहिचान गरी समस्त शब्दको विग्रह र द्वित्व शब्दको दोहोरिएको अंश देखाउनुहोस् :
हिमाली हँसिलो अनुहारले विदेशबाट आउने पर्यटकहरूको अनुहार र पर्यटकको आगमनपछि हुने आन्तरिक आर्थिक गतिविधिले यहाँका पर्यटन व्यवसायी र गरिब जनताको पनि स्वदेशमा नै कमाइ बढेर अनुहार अत्यन्त हँसिलो हुन सक्छ ।

**७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**
(क) ले, लाई, बाट, द्वारा, देखि, को, नो, मा विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग गरी चार वाक्यमा आफूले देखेको घटनाको वर्णन गर्नुहोस् ।
**(ख) तलको अनुच्छेदका वाक्यलाई बहुवचनमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**
ऊ बझाङ जाओस् । घर भत्केको छ । उसले घर बनाओस् । मान्छे छक्क पर्ने छ ।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**
**(क) तलका दिइएको अनुच्छेदका वाक्यको वाच्य परिवर्तन गर्नुहोस् :**
कहिल्यै कसैको अहित चिताइएन । सकेसम्म अरूको भलाइ हुने काम गरियो । जीवन सङ्घर्ष हो भन्ने कुरा सिकियो । अब पनि इमानदार भएरै बाँचिने छ ।
**(ख) तलको अनुच्छेदका वाक्यलाई अनादरमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**
तिमीले के लेख्यौ र ? उहाँले तिमीलाई के भन्नु भएको थियो ? तिमी त बदमास भइछौ । उहाँले भेट्नु भयो भने बाँकी राख्नु हुन्न ।

**९. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**
**(क) तलका चारओटा जटिल वाक्यलाई आठओटा सरल वाक्यमा रुपान्तरण गर्नुहोस् :**
पृथ्वीको तापक्रम बढ्यो भने हिउँ पग्लन्छ । यसरी पग्लेको पानी जब सागर महासागरमा थपिन्छ तब सामुद्रिक पानीको सतह बढ्छ । यसबाट जति बेला सामुद्रिक तटका जमिनहरू डुब्न थाल्छन् त्यति वेला कुनै कुनै देशको अस्तित्व नै समाप्त हुन्छ । पानीका स्रोत भत्कन्छन् र पानीको ठुलो सङ्कट पैदा हुन्छ ।
**(ख) तलको अनुच्छेदमा रहेको प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा बदल्नुहोस् :**
रामले सोध्यो, “कति बज्यो सीता ?” सीताले भनी, “पाँच बज्यो त ।” रामले बाहिरतिर हेर्दै भन्यो, “ओहो ! अबेला भइ सकेछ ।” सीताले जिज्ञासा राखी, “कलेज जाने हो र ?“

**१०. दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :(५x१=५)**
कम्प्युटर एक व्यवस्थित विद्युतीय यन्त्र हो । यसलाई व्यवस्थित बनाउने काम यसमा रहेका हार्डवेयर र सफ्टवेयरले गरेका हुन्छन् । विद्युतीय शक्तिबाट चल्ने प्रोसेसर, मोनिटर, माउस, किबोर्ड, प्रिन्टर जस्ता विभिन्न भौतिक यन्त्र हार्डवेयर हुन् । ती यन्त्रलाई सञ्चालन गर्न कम्प्युटरले बुझ्ने भाषामा तयार गरिएको निर्देशनको समष्टि चाहिँ सफ्टवेयर हो । यिनै हार्डवेयर र सफ्टवेयको कार्यका आधारमा कम्प्युटरलाई निवेश योजना, भण्डारण र उत्पादन गरी चार भागमा राखेर बुझ्न सकिन्छ । यी चार भागमध्ये निवेशअन्तर्गत कम्प्युटरमा तथ्याङ्क वा निर्देशन प्रविष्ट गराउने कार्य हुन्छ । यस कार्यमा प्रयोग हुने उपकरण माउस, किबोर्ड, क्यामेरा, माइक्रोफोन आदि हुन् । योजनाअन्तर्गत कम्प्युटरमा प्रविष्ट भएका कुनै तथ्याङ्कलाई निर्देशनअनुसार गणना, वर्गीकरण वा विश्लेषण हुने गर्छ । यसअन्तर्गतको मुख्य उपकरण प्रोसेसर हो । कुनै सूचनालाई लामो समयसम्म सुरक्षित राखी आवश्यक परेको समयमा पुनः प्रयोग गर्न उपलब्ध गराउन भण्डारणको महत्त्पूर्ण भूमिका हुन्छ । सिडी, डिभिडी, हार्डडिस्क, पेनड्राइभ, मेमोरी कार्ड आदि उपकरण यसअन्तर्गत पर्छन् । कम्प्युटरमा भएका कुनै तथ्याङ्क वा सूचनालाई देखाउनु उत्पादन हो । उत्पादनको कार्य सम्पन्न गर्ने उपकरण मोनिटर, प्रोजेक्टर, स्पिकर, प्रिन्टर आदि हुन् मानिसलाई कोरोनालगायतका विभिन्न भाइरसले वेला वेलामा सताए जस्तै कम्प्युटरलाई पनि ब्रोन्टक, बुट सेक्टर जस्ता विभिन्न भाइरसले सताउन सक्छन्

। यसैले कम्प्युटरलाई सधैँ स्वस्थ र क्रियाशील बनाउन यसमा एन्टिभाइरस सफ्टवेयर पनि अनिवार्य रूपमा इन्स्टल गर्नुपर्ने हुन्छ ॥

**प्रश्नहरू :**

(क) कम्प्युटरलाई व्यवस्थित बनाउने कार्य केले गरेका हुन्छन् ?

(ख) हार्डवेयर भनेको के हो ?

(ग) निवेशअन्तर्गत पर्ने उपकरण के के हुन् ?

(घ) कम्प्युटरलाई सधैँ स्वस्थ र क्रियाशील बनाउन के गर्नुपर्ने हुन्छ ?

ङ) 'प्रविष्ट' र 'निर्देशन' शब्दको अर्थ लेख्नुहोस् ।

**११. दिइएको अनुच्छेद पढी मुख्य मुख्य चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् : (२+३=५)**

अमेरिकाको सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिवेन्सको सन् २०२१ मा प्रकाशित एक रिपोर्टमा संसारभर हरेक पाँच बालबालिकामध्ये एक बच्चामा इन्जाइटीका लक्षण पाइएका छन् । चिन्ताको कुरा यो छ कि परिवारजन यसलाई सामान्य मानिरहेका छन् तर यो नोक्सानदायक रहेको छ । यसबाट भविष्यमा बालबालिकाको मानसिक समस्यासँग जुध्नु पर्न सक्छ । पीडित बालबालिका मानिसहरुसँग मिल्ने, साथीभाइसँग घुलमिल गर्नेबाट टाढै रहन रुचाउने गर्छन् । कयौं बालबालिकाहरु भिडभाडमा जाने भन्ने बितिकै पेट दुखाइ, पटक–पटक पिसाब लाग्नु, टाउको दुखाइजस्ता समस्या पाइएका छन् । न्युयोर्कमा क्लिनिकल साइकोलोजिस्ट रेचल बुसमैनकाअनुसार यसका लक्षणहरु जति चाडो पत्ता लगाउन सकियो बालबालिकालाई यो समस्याबाट बचाउन उति नै सजिलो हुन्छ । बेलायतको नेसनल हेल्थ सर्विसकाअनुसार बालबालिकासँग समस्या बताउनका लागि माध्यम नहुने भएकाले उनीहरुलाई यसलाई रिएक्ट गर्छन् । बालबालिकामा एकाग्रतामा कमी, बेडमा पिसाब गर्नु, निदाउन समस्या हुनु, खाना खान आनाकानी गर्नु, हर समय अभिभावकसँग चिप्किएर बस्नु, दैनिकी क्रियाकलाप गर्न परेसान हुनु, मानिसहरुको बिचमा घबराउनुजस्ता लक्षण देखिन्छन् । सोसल एन्जाइटी भएका बालबालिकाहरु बोल्न डराउँछन् भने एकदमै सानो स्वरमा बोल्छन् । वासिंगटनस्थित चिल्ड्रेन नेसनल हस्पिटलकाअनुसार सोसल इन्जाइटीबाट पीडित बालबालिकामा विभिन्न लक्षणहरु देखिन्छन् । जसमा स्कुल जान र मानिसहरुबिच रहन नमान्नु, मानिसहरुको बिचमा बोल्न नमान्नु र एकदमै सानो स्वरमा बोल्नु, आँखा झुकाएर अनुहार लुकाएर कुरा गर्नु, मानिसको बिचमा रहन मन नगर्ने, कक्षा कोठामा बोल्न डराउने हुन्छन् ।

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (४)**

(क कुनै एउटा व्यक्तिले अर्को व्यक्तिसँग असी हजार रुपैँया ऋण सापटीस्वरूप लिएपछि तयार परेको तमसुकको नमुना बनाउनुहोस् ।

ख) देशमा संस्थागत हुँदै गएको भ्रष्टाचारले समाजमा पार्ने नकारात्मक असरहरू उल्लेख गर्दै त्यसको निवारणका उपायसमेत उल्लेख गरी कुनै एक दैनिक पत्रिकाको सम्पादकलाई लेख्ने चिठीको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (५)**

(क) सांस्कृतिक क्षेत्रको भ्रमणको क्रममा भएका सबै कुराहरूलाई समेटेर १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'नेपाली युवामा पश्चिमी संस्कृतिको प्रभाव' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् : (४)**

(क) मानिसको परिचय उसको शरीरले भन्दा पनि उसको मस्तिष्क र हृदयले दिन्छ ।

(ख) त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ

त्यसको कम्मरमा झुन्डिएको शीत जस्तै टल्कने

तिमी एक हतियार देख्ने छौ

**१५. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (४)**

(क) दिइएका नियात्रांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

बाटामा एउटा रमणीय ठाउँ भेटियो । देब्रेपट्टि पर्खालले घेरेको ढिस्कामा राम्रो मन्दिर थियो, जसको छानाको मर्मत हुँदै थियो । पर्खालबाहिर फलामे साङ्लीको अग्लो पिङ थियो । त्यसमा मच्चिएर मैले उत्तर पश्चिमतिरका हिमचुचुरा देखेँ । सात आठ पसल थिए, जसका वरिपरि भेडाका बथान नुन र चामलका बोरा बोकेर उग्राइरहेका थिए । ठाउँ ठाउँमा बारी थिए, वन थिए र चरनहरू थिए । गाई चराउँदै गोठाला गोठाल्नी विरहलाग्दा गीत कुर्लिरहेका भेटिन्थे । आउने जाने मान्छेका समूह पनि प्रशस्तै देखिन्थे । धेरैमाथि पुगेपछि हिउँले ढाकेको पाखो देखियो ।

प्रश्नहरू:

(अ) माथिको नियात्रांशमा कस्तो परिवेशको चित्रण गरिएको छ ?

(आ) ग्रामीण यात्रामा कस्ता खालका अनुभूति प्राप्त हुन् सक्छन् ?

**(ख) दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

चेदी नगरको मूल बाटाको पूर्वतिर काठको आफ्नो दुईतले घरको माथिल्लो बार्दलीमा बसेर रानी सुनन्दा सडकको रमिता हेरिरहेकी थिइन् । बौलाही जस्ती दमयन्तीमा ती वृद्धाको दृष्टि पऱ्यो । दमयन्तीको मुहारको ओज र देहयष्टितिर तिनको ध्यान गयो । आफ्नो सेवकलाई अराएर तिनले दमयन्तीलाई आफूछेउ बोलाइन् र परिचय सोधिन् । दमयन्तीले आफ्नो यथार्थ परिचय लुकाएर आफूले एउटा सम्भ्रान्त परिवारमा सेठकी पत्नीको सिँगारपटार गर्ने सुसारे भएर काम गर्ने गरेको बताइन् । आफ्नी युवती हुन लागेकी छोरीका निम्ति सुनन्दा कुशल सुसारेको खोजीमा थिइन् । सुनन्दाले दमयन्तीसामु आफ्नी छोरीको सुसारे सैरन्ध्रीको काम स्वीकार गर्न आग्रह गरिन् ।

**प्रश्नहरू :**

(अ) दमयन्तीले किन आफ्नो परिचय लुकाएकी हुन् ?

(आ) दमयन्ती चेदी नगर जानुको कारण के हो ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

(क) दमयन्तीले गरेको सङ्घर्षमार्फत विरहिणी दमयन्ती कथाले दिन खोजेको सन्देश के हो ? कथाको आधारमा प्रतिक्रिया दिनुहोस् ।

(ख) 'एक चिहान' उपन्यासका दुई पात्र नानीथकुँ र रामखेलावन बिचमा भएको विवाहमार्फत कस्तो सन्देश दिन खोजिएको हो ? आफ्नो प्रतिक्रिया दिनुहोस् ?

**१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् : (८)**

(क) 'एक चिहान' उपन्यासका पात्र अष्टनारान र डाक्टर गोदत्तप्रसादको चरित्रचित्रण गर्नुहोस् ।

(ख) स्टिफन विलियम हकिङलाई किन प्रेरक व्यक्तित्वको रूपमा लिने गरिन्छ ? समीक्षात्मक उत्तर दिनुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : (८)**

(क) पचास वर्षपछिको नेपाल, (ख) आर्थिक मन्दीले पारेको असर, (ग) भ्रष्टाचार मुक्त देश

**(समाप्त)**

**द टाइम्स माध्यमिक विद्यालय**
**डिल्लीबजार, काठमाडौं**
**प्रथम त्रैमासिक परीक्षाः २०८०**

कक्षाः १२ | समूह ख | पूर्णाङ्क : ७५
सङ्कायः विज्ञान समूह(दिवा) | उत्तीर्णाङ्क : ३०
विषय : नेपाली | समय : ३ घण्टा

*(सबै प्रश्नको उत्तर दिनुहोस् । मौलिक उत्तरलाई प्राथमिकता दिइने छ ।)*

**१. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् : (३)**
**ओलम्पिकमा** पहिलो **पटक** प्रदर्शनी खेलका रूपमा समावेश गरिएको **तेक्वान्दो** खेलबाट नेपालका विधान लामाले काश्य पदक जितेर ओलम्पिक संसारलाई चकित तुल्याए ।

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : (३)**
राष्ट्रिय गौरवको आयोजनाका रूपमा बनाइएको गौतम बुद्ध अन्तर्राष्ट्रीय विमानस्थल सञ्चालनमा आएको केई महिनामै तेहाँबाट अन्तर्राष्ट्रिय उडान ठप्प हुनु राष्ट्रीय लज्जाको विसय हो ,

**३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (२)**
**(क) दिइएका अंशबाट एकओटा पारिभाषिक शब्द र एकओटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**
संघीय लोकतन्त्रिक गणतन्त्रात्मक व्यवस्थाबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्त गर्नु हामी सबैको साझा लक्ष्य हा तर यसमा धेरै कचकच वा गनगन भइरहेको छ । संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको सुदृढीकरण आजको आवश्यकता हो।

**(ख) दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
गाउँका मानिसहरू जिउँदाको जन्ती र मर्दाको मलामी भने झैं हरेक सुख दुखमा एक अर्कालाई झर्कोफर्को नगरी सहयोग गर्छन् । अरूका कुरा काट्न भन्दा पछिसम्म झलझली याद आउने गरेर सुरु गरिएका कामहरूलाई एकले थुकी सुकी सयले थुकी नदी भन्ने कुरालाई मनन गरेर दिलो ज्यान दिएर गर्छन् ।

**४. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गर्नुहोस् : (३)**
**म** र तेन्जिङ घुम्न **बगैंचामा** गयौं । त्यहाँ पुग्नेबित्तिकै "**आहा** ! कति सुन्दर **बगैंचा** रहेछ, हेर त" तेन्जिङले भन्यो । "हो, **धेरै** सुन्दर छ" मैले जबाफ दिएँ । केही पर पुगेपछि "छ्या ! के गनाएको यस्तो ? तेन्जिङ्ले **सोध्यो** ।

**५. तलको अनुच्छेदबाट दुईओटा तत्सम शब्द र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् : (२)**
वैयक्तिक विवरण रेकर्ड गर्न मिल्ने प्रविधि प्रयोगमा सरकारले देखाइरहेको हतारो आपत्तिजनक छ। सरकारले नागरिकको फोन र म्यासेजमा निगरानी गर्ने कानुन बनाउन खोजेकोमा विरोध भएको हो ।

**६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (३)**
(क) तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक एक शब्द बनाउनुहोस् :
**उपसर्ग : सु, कु, प्र,** **प्रत्यय : ईय, अक्कड, ता,**
(ख) तलको अनच्छेदबाट **तीनओटा समस्त शब्द र तीनओटा द्वित्व** शब्द पहिचान गरी समस्त शब्दको विग्रह र द्वित्व शब्दको दोहोरिएको अंश देखाउनुहोस् :
हिमाली हँसिलो अनुहारले विदेशबाट आउने पर्यटकहरूको अनुहार र पर्यटकको आगमनपछि हुने आन्तरिक आर्थिक गतिविधिले यहाँका पर्यटन व्यवसायी र गरिब जनताको पनि स्वदेशमा नै कमाइ बढेर अनुहार अत्यन्त हँसिलो हुन सक्छ ।

**७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**
(क) मा, को, ले, लाई, देखि, बाट, द्वारा, नो विभिक्तिको प्रयोग गरी चार वाक्यमा आफ्नो बाल्यकालको बारेमा लेख्नुहोस् ।
**(ख)** इच्छार्थक क्रियापदको प्रयोग गरी 'मैले चाहेको नेपाल' शीर्षकमा चार वाक्यको एउटा अनुच्छेद लेख्नुहोस् ।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**
**(क) तलका दिइएको अनुच्छेदका वाक्यको वाच्य परिवर्तन गर्नुहोस् :**
जीवनमा धेरै दुःखसुख भोगियो । धेरै अनुभव गरियो । कहिले खुसीले हाँसियो । कहिले साथीभाइसँग नाचियो ।
**(ख) तलको अनुच्छेदका वाक्यलाई अनादरमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**
तिमीले के लेख्यौ र ? उहाँले तिमीलाई के भन्नु भएको थियो ? तिमी त बदमास भइछौ । उहाँले भेट्नु भयो भने बाँकी राख्नु हुन्न ।

**९. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**
**(क) तलका चारओटा जटिल वाक्यलाई आठओटा सरल वाक्यमा रुपान्तरण गर्नुहोस् :**
पृथ्वीको तापक्रम बढ्यो भने हिउँ पग्लन्छ । यसरी पग्लेको पानी जब सागर महासागरमा थपिन्छ तब सामुद्रिक पानीको सतह बढ्छ । यसबाट जति बेला सामुद्रिक तटका जमिनहरू डुब्न थाल्छन् त्यति वेला कुनै कुनै देशको अस्तित्व नै समाप्त हुन्छ । पानीका स्रोत भत्कन्छन् र पानीको ठुलो सङ्ट पैदा हुन्छ ।
**(ख) तलको अनुच्छेदमा रहेको प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा बदल्नुहोस् :**
रामले सोध्यो, "कति बज्यो सीता ?" सीताले भनी, "पाँच बज्यो त ।" रामले बाहिरतिर हेर्दै भन्यो, "ओहो ! अबेला भइ सकेछ ।" सीताले जिज्ञासा राखी, "कलेज जाने हो र ?"

**१०. दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :(५x१=५)**
कम्प्युटर एक व्यवस्थित विद्युतीय यन्त्र हो । यसलाई व्यवस्थित बनाउने काम यसमा रहेका हार्डवेयर र सफ्टवेयरले गरेका हुन्छन् । विद्युतीय शक्तिबाट चल्ने प्रोसेसर, मोनिटर, माउस, किबोर्ड, प्रिन्टर जस्ता विभिन्न भौतिक यन्त्र हार्डवेयर हुन् । ती यन्त्रलाई सञ्चालन गर्न कम्प्युटरले बुझ्ने भाषामा तयार गरिएको निर्देशनको समष्टि चाहिँ सफ्टवेयर हो । यिनै हार्डवेयर र सफ्टवेयको कार्यका आधारमा कम्युटरलाई निवेश योजना, भण्डारण र उत्पादन गरी चार भागमा राखेर बुझ्न सकिन्छ । यी चार भागमध्ये निवेशअन्तर्गत कम्प्युटरमा तथ्याङ्क वा निर्देशन प्रविष्ट गराउने कार्य हुन्छ । यस कार्यमा प्रयोग हुने उपकरण माउस, किबोर्ड, क्यामेरा, माइक्रोफोन आदि हुन् । योजनाअन्तर्गत कम्प्युटरमा प्रविष्ट भएका कुनै तथ्याङ्कलाई निर्देशनअनुसार गणना, वर्गीकरण वा विश्लेषण हुने गर्छ । यसअन्तर्गतको मुख्य उपकरण प्रोसेसर हो । कुनै सूचनालाई लामो समयसम्म सुरक्षित राखी आवश्यक परेको समयमा पुनः प्रयोग गर्न उपलब्ध गराउन भण्डारणको महत्त्पूर्ण भूमिका हुन्छ । सिडी, डिभिडी, हार्डडिस्क, पेनड्राइभ, मेमोरी कार्ड आदि उपकरण यसअन्तर्गत पर्छन् । कम्प्युटरमा भएका कुनै तथ्याङ्क वा सूचनालाई देखाउनु उत्पादन हो । उत्पादनको कार्य सम्पन्न गर्ने उपकरण मोनिटर, प्रोजेक्टर, स्पिकर, प्रिन्टर आदि हुन् मानिसलाई कोरोनालगायतका विभिन्न भाइरसले वेला

वेलामा सताए जस्तै कम्प्युटरलाई पनि ब्रोन्टक, बुट सेक्टर जस्ता विभिन्न भाइरसले सताउन सक्छन् । यसैले कम्प्युटरलाई सधैँ स्वस्थ र क्रियाशील बनाउन यसमा एन्टिभाइरस सफ्टवेयर पनि अनिवार्य रूपमा इन्स्टल गर्नुपर्ने हुन्छ ॥

**प्रश्नहरू :**

(क) कम्प्युटरलाई व्यवस्थित बनाउने कार्य केले गरेका हुन्छन् ?

(ख) हार्डवेयर भनेको के हो ?

(ग) निवेशअन्तर्गत पर्ने उपकरण के के हुन् ?

(घ) कम्प्युटरलाई सधैँ स्वस्थ र क्रियाशील बनाउन के गर्नुपर्ने हुन्छ ?

ङ) ' प्रविष्ट' र 'निर्देशन' शब्दको अर्थ लेख्नुहोस् ।

**११. दिइएको अनुच्छेद पढी मुख्य मुख्य चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् : (२+३=५)**

परापूर्वकालदेखि समाजमा प्रचलित कलालाई लोककला भनिन्छ । लोककला एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण हुँदै जान्छ । नेपालमा थारु, मैथिली, पर्वते, नेवारी, जैती, अवधी, मुस्ताङ्गी, भोटे, खाम, किरात, राजवंशी आदिका लोककला प्रचलित छन् । यीमध्ये थारु लोककला पनि एक हो । थारु लोककलाअन्तर्गत चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, झुट्टीकला, गोडैनाकला आदि पर्छन् । तिनमा पनि विशेष गरी चित्र र मूर्तिकला बढी प्रचलित छन् । चित्रकला भित्ता, प्रस्तर, डेहरी, हस्तकलाका सामान, भूमि, पट, वास्तु, काठ, कागज आदि माध्यमबाट बनाइन्छ । थारु समाजमा विशेष गरी पश्चिमतिर अस्तिम्की र मिथिला क्षेत्रतिर कोहवर/सितुवा र बाँसबसिनी चित्र बढी प्रचलित छन् । त्यस्तै सुदूरपूर्वमा मोखकला र सुदूरपश्चिममा सजावटीय चित्र तथा उद्भृत मूर्ति बनाउने चलन रहेको छ । कृष्णाष्टमीका दिन घरको भित्तामा बनाइने चित्रलाई अस्तिम्की भनिन्छ । प्रतीकात्मक ढङ्गले बनाइने यो चित्रले सत्य, त्रेता, द्वापर र कलियुगलाई समेटेको हुन्छ । विवाहका वेला थारुहरूले बनाउने चित्र 'सितुवा/कोहवर' भनिन्छ । ज्यामितीय आकारमा बनाइएका यस्ता चित्रमा पहेँलो, रातो, हरियो र कालो रङको प्रयोग अधिक मात्रामा गरिएको हुन्छ । यो चित्रको खास उद्देश्य वैवाहिक जीवनलाई सुमधुर बनाउनु हो । थारु समाजमा पूजाआजा तथा विभिन्न संस्कारजन्य कार्यमा विभिन्न खाले चित्र बनाइन्छ । बेहुली घर भित्र्याउने वेलामा सेलरोटी आकारको प्रतीकात्मक गोलो चित्र बनाइन्छ ।

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (४)**

(क) तपाईंको जग्गामा रहेको ढुङ्गाखानीबाट तपाईंको टोलमा सार्वजनिक पुस्तकालय निर्माणका लागि चाहिने ढुङ्गा निकाली लैजानका लागि तपाईंले वडा कार्यालयलाई दिएको मन्जुरीनामाको नमुना लेख्नुहोस् ।

ख) शैक्षिक सत्र सुरु भएको धेरै समयपछिसम्म पनि देशका धेरैजसो ठाउँमा पाठ्यपुस्तक पुग्न नसकेको कारण विद्यार्थीले पढ्न नपाएको कुरालाई ध्यानाकर्षण हुने गरेर कुनै राष्ट्रिय पत्रिकाको सम्पादकलाई समाचार प्रकाशित गर्न अनुरोध गर्दै चिठी लेख्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (५)**

(क) सांस्कृतिक क्षेत्रको भ्रमणको क्रममा भएका सबै कुराहरूलाई समेटेर १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'नेपाली युवामा पश्चिमी संस्कृतिको प्रभाव' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् : (४)**

(क) मानिसको परिचय उसको शरीरले भन्दा पनि उसको मस्तिष्क र हृदयले दिन्छ ।

(ख) त्यो बिहानको सूर्य झैँ उज्यालो छर्दै आउँछ

त्यसको कम्मरमा झुन्डिएको शीत जस्तै टल्कने

तिमी एक हतियार देख्ने छौ

**१५. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (४)**

**(क) दिइएका नियात्रांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

बाटामा एउटा रमणीय ठाउँ भेटियो । देब्रेपट्टि पर्खालले घेरेको ढिस्कामा राम्रो मन्दिर थियो, जसको छानाको मर्मत हुँदै थियो । पर्खालबाहिर फलामे साङ्लीको अग्लो पिङ थियो । त्यसमा मच्चिएर मैले उत्तर पश्चिमतिरका हिमचुचुरा देखेँ । सात आठ पसल थिए, जसका वरिपरि भेडाका बथान नुन र चामलका बोरा बोकेर उग्राइरहेका थिए । ठाउँ ठाउँमा बारी थिए, वन थिए र चरनहरू थिए । गाई चराउँदै गोठाला गोठाल्नी विरहलाग्दा गीत कुर्लिरहेका भेटिन्थे । आउने जाने मान्छेका समूह पनि प्रशस्तै देखिन्थे । धेरैमाथि पुगेपछि हिउँले ढाकेको पाखो देखियो ।

**प्रश्नहरू:**

(अ) माथिको नियात्रांशमा कस्तो परिवेशको चित्रण गरिएको छ ?

(आ) ग्रामीण यात्रामा कस्ता खालका अनुभूति प्राप्त हुन् सक्छन् ?

**(ख) दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

चेदी नगरको मूल बाटाको पूर्वतिर काठको आफ्नो दुईतले घरको माथिल्लो बार्दलीमा बसेर रानी सुनन्दा सडकको रमिता हेरिरहेकी थिइन् । बौलाही जस्ती दमयन्तीमा ती वृद्धाको दृष्टि पऱ्यो । दमयन्तीको मुहारको ओज र देहयष्टितिर तिनको ध्यान गयो । आफ्नो सेवकलाई अराएर तिनले दमयन्तीलाई आफूछेउ बोलाइन् र परिचय सोधिन् । दमयन्तीले आफ्नो यथार्थ परिचय लुकाएर आफूले एउटा सम्भ्रान्त परिवारमा सेठकी पत्नीको सिँगारपटार गर्ने सुसारे भएर काम गर्ने गरेको बताइन् । आफ्नी युवती हुन लागेकी छोरीका निम्ति सुनन्दा कुशल सुसारेको खोजीमा थिइन् । सुनन्दाले दमयन्तीसामु आफ्नी छोरीको सुसारे सैरन्ध्रीको काम स्वीकार गर्न आग्रह गरिन् ।

**प्रश्नहरू :**

(अ) दमयन्तीले किन आफ्नो परिचय लुकाएकी हुन् ?

(आ) दमयन्ती चेदी नगर जानुको कारण के हो ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

(क) 'एक चिहान' उपन्यासका दुई पात्र नानीथकुँ र रामखेलावन बिचमा भएको विवाहमार्फत कस्तो सन्देश दिन खोजिएको हो ? आफ्नो प्रतिक्रिया दिनुहोस् ?

(ख) दमयन्तीले गरेको सङ्घर्षमार्फत विरहिणी दमयन्ती कथाले दिन खोजेको सन्देश के हो ? कथाको आधारमा प्रतिक्रिया दिनुहोस् ।

**१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् : (८)**

(क) 'एक चिहान' उपन्यासका पात्र अष्टनारान र डाक्टर गोदत्तप्रसादको चरित्रचित्रण गर्नुहोस् ।

(ख) स्टिफन विलियम हकिङलाई किन प्रेरक व्यक्तित्वको रूपमा लिने गरिन्छ ? समीक्षात्मक उत्तर दिनुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : (८)**

**(क)** नेपालको आर्थिक विकासमा पर्यटन उद्योगको भूमिका (ख) पृथ्वी बचाऔँ (ग) भ्रष्टाचार मुक्त देश

**(समाप्त)**